# मामरिङमा विद्युतीय सुरक्षामाथि जागरूकता कार्यक्रम सम्पन्न





रम्फू, १२ सेप्टेम्बरः ऊर्जा एवं विद्युत विभाग, सिक्किम खण्डद्वारा आज दक्षिण सिक्किमको मामरिङ खण्ड कार्यालयमा विद्युतीय सुरक्षामाथि जागरूकता कार्यक्रम आयोजन गऱ्यो। उक्त जागरूकता कार्यक्रममा रम्फूका एसएचओ विकास तिवारी मुख्य अतिथिको रूपमा उपस्थित थिए भने अन्य अतिथिहरूमा भानुभक्त शर्मा-डीई, राजेन्द्र गुप्ता-एई, तरूण दुलाल-जेई लगायत अन्य अधिकारी एवं कर्मचारीहरूको उपस्थिति रहेको थियो।

टीआर शर्माद्वारा स्वागत सम्भाषण राखेपछि कार्यक्रममा उपस्थित स्रोतवक्ताहरूले 'फिल्ड वर्क' को समय कर्मचारीहरूले अप्नाउनु पर्ने सावधानीहरूबारे जानकारी गराए। मुख्य अतिथि तथा एसएचओ विकास तिवारीले कार्यक्रमलाई सम्बोधन गर्दै 'फिल्ड वर्ड' को समय अप्नाइनु पर्ने विविध सावधानी एवं सुरक्षा सम्बन्धी पहलहरूको महत्त्वबारे जानकारी गराउनका साथै सुरक्षा उपकरणबिना कार्य गर्दा दुर्घटना भएको खण्डमा कस्ता कानूनी प्रक्रियाहरूको सामना गर्नु पर्ने त्यस विषय विस्तृत रूपमा जानकारी गराए। यसका साथै उनले कार्यावधिमा मादक पदार्थहरूको सेवन नगर्ने पनि उपस्थित कर्मचारीहरूलाई अपिल गरे। यस अवसरमा विभागद्वारा ३६ जना कर्मचारीहरूलाई सुरक्षा उपकरणहरू पनि वितरण गरियो।

# राष्ट्रपति भवनमा बेलारूसका राष्ट्रपतिको भव्य स्वागत



**नयाँ दिल्ली, १२ सेप्टेम्बर (हिस)।** बेलारूसका राष्ट्रपति ए.जी. लुकाशेङ्कोको सम्मानमा मंगलबार बिहान राष्ट्रपति भवनमा एक औपचारिक समारोह आयोजित गरियो। जसम भारतीय राष्ट्रपति रामनाथ कोविन्द र प्रधानमन्त्री नरेन्द्र मोदीले मेजबानको भूमिका निभाए। लुकाशेङ्को र मोदी एवं कोविन्दबीच भारत-बेलारूस सम्बन्धलाई नयाँ ऊचाईहरूमा लैजाने प्रयासहरूमा चर्चा भयो। बेलारूसको साथ भारतको सम्बन्ध पारम्परिक रूपमा सौहार्दपूर्ण छ। भारत १९९१ मा बेलारूसलाई स्वतन्त्र देशको रूपमा मान्यता दिने पहिले देशहरूमध्ये एक थियो। औपचारिक राजनयिक सम्बन्ध स्थापित गरिएको थियो औं भारतीय राजनयिक मिशनलाई मिन्स्कमा १९९२ मा खोलिएको थियो। यसपछि १९९८ मा बेलारूसले नयाँ दिल्लीमा आफ्नो राजनयिक मिशन कार्यालय खोल्यो। बेलारूसले दिसम्बर २००२ मा कोलकातामा आफ्नो मानद वाणिज्य दूतावास खोल्यो। दुवै देशले एक व्यापक साझेदारीको आनन्द लिएका छन् र विदेशी कार्यालय परामर्श, अन्तर सरकारी आयोग (आईजीसी) र सैन्य तकनीकी सहयोगमा संयुक्त आयोगको माध्यमले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय मुद्दाहरूमा विचारहरूको आदान-प्रदान गर्नुको निम्ति तन्त्रको स्थापना गरेका छन्। पछिल्लो एफओसी (५औं सत्र) लाई नोभेम्बर २०१६ मा मिन्स्कमा आयोजित गरिएको थियो। ८औं आईजीसीको बैठक जुलाई २०१७ म नयाँ दिल्लीमा भयो। दुवै देशले धेर विषयहरूमा व्यापार समझौता, व्यापार र आर्थिक सहयोग, संस्कृति, शिक्षा, मीडिया र खेल, एसएण्डटी, विदेशी कार्यालय परामर्श, आईजीसीमा धेरै समझौताहरूमा गरेका छन्। दुर्व्यवहारको दोहन, प्रोत्साहन र निवेशको संरक्षण, रक्षा र तकनीकी सहयोग पनि। वर्ष २०११-१२ को निम्ति बेलारूसले संयुक्त राष्ट्र सुरक्षा परिषदको गैर-स्थायी सीटको निम्ति भारतको उम्मेद्वारीको समर्थन गऱ्यो। बेलारूसले अप्रेल २०१६ मा सोलमा एनएसजीको बैठकमा भारतको समर्थन गऱ्यो। बेलारूसले भारतलाई एक उदयीमान वैश्विक शक्तिको रूपमा चिन्छ औं भारतको साथ 'रणनीतिक सम्बन्ध' विकसित गर्न चाहन्छ।

## राजनीतिक विरासत नभएका धेरै मानिस देश सेवामा छन्: स्मृति ईरानी

**नयाँ दिल्ली, १२ सेप्टेम्बर (हिस)।** भाजपाले कांग्रेस उपाध्यक्षको बर्कले विश्वविद्यालयमा दिइएको सम्बोधनमा प्रतिक्रिया व्यक्त गर्दै भन्यो, राहुल गांधीले विदेशमा गएर वंशवादलाई सही ठहर गरेका छन्। शायद उनले बिर्से, हिन्दुस्तानमा धेरै यस्ता नागरिक छन्, जसले भिन्न-भिन्न क्षेत्रहरूमा योगदान दिँदै देश सेवा गरिरहेछन् तर उनीहरूको कुनै राजनीतिक विरासत छैन। वरिष्ठ नेता एवं केन्द्रिय मन्त्री स्मृति ईरानीले भाजपा मुख्यालयमा मंगलबार आयोजित संवाददाता सम्मेलनमा भनिन्, राहुलले बर्कले विश्वविद्यालयमा भने, हिन्दुस्तान त यस्तै देश हो, जहाँ परिवारवादबाट सबै कुरा चल्छ। राष्ट्रपति रामनाथ कोविन्द, उपराष्ट्रपति एम. वेंकैया नायडू, प्रधानमन्त्री नरेन्द्र मोदी भारतका शीर्ष पदमा हुनु, लोकतन्त्रमा परिवारवाद नभएर मेरिटको महत्व हुन्छ भन्ने उनले ध्यान राख्नुपर्छ। एक विफल वंशवादी राहुल गांधीले आज प्रश्न उठाईरहेछन्। उनले वंशवादलाई सही बताए। वस्तु एवं सेवाकर (जीएसटी) मा राहुल गांधीको टिप्पणीमा स्मृति ईरानीले भनिन्, राहुल गांधी सक्षम भएको भए कांग्रेसमा नै जीएसटी पास हुन्थ्यो। कांग्रेसले कहिले पनि कुनै दललाई जीएसटीको मुद्दामा साथ लिएन।

## पूर्वोत्तर जाने ७ ट्रेन १६ सेप्टेम्बरदेखि चार दिनको निम्ति रद्द

**नयाँ दिल्ली, १२ सेप्टेम्बर (हिस)।** परिचालन कारणहरूले गर्दा नयाँ दिल्लीबाट पूर्वोत्तर राज्यहरूतिर जाने डिब्रूगढ ब्रह्मपुत्र र सिक्किम महानन्दा एक्सप्रेस सहित सात ट्रेन १६ सेप्टेम्बरदेखि आगामी चार दिनसम्म रद्द रहनेछन्। रेलवे प्रवक्ताले मंगलबार बताए, रेलगाड़ी संख्या १४०५६ दिल्ली जं.- डिब्रूगढ़ ब्रह्मपुत्र मेल र रेलगाड़ी संख्या १५४८४ दिल्ली जं.-अलीपुरद्वार सिक्किम महानन्दा एक्सप्रेस १६ देखि १९ सेप्टेम्बरबीच रद्द रहनेछ। रेलगाड़ी संख्या १२५२४ नयाँ दिल्ली- न्यू जलपाईगुड़ी एक्सप्रेस, रेलगाड़ी संख्या १२५०२ नयाँ दिल्ली-सिल्चर पूर्वोत्तर सप्तक्रान्ति एक्सप्रेस र रेलगाड़ी संख्या १२४३६ नयाँ दिल्ली-डिब्रूगढ़ टाउन राजधानी एक्सप्रेस र रेलगाड़ी संख्या १२४३६ नयाँ दिल्ली-डिब्रूगढ़ टाउन राजधानी एक्सप्रेस १७ सेप्टेम्बरमा रद्द रहनेछन्। रेलगाड़ी संख्या १२२३६ नयाँ दिल्ली-गुवाहाटी राजधानी एक्सप्रेस १९ सेप्टेम्बरमा रद्द रहनेछ।

## सीबीआईले मदन मित्रलाई तलब गऱ्यो

**कोलकाता, १२ सेप्टेम्बर (हिस)।** नारद काण्डमा अब सीबीआईले पूर्व मन्त्री मदन मित्रलाई तलब गरेको छ। उनलाई नारद काण्डको भीडियो फुटेजमा पैसा लिएको देखिएको थियो। यो घटना साल २०१४ को हो अर्थात् जुन समय यो स्टिङ गरिएको थियो, त्यस समय मदन मित्र परिवहन मन्त्री थिए। आगामी शुक्रबार उनलाई सीबीआई अफिसमा आउनलाई भनिएको छ। सीबीआईले उनीसित पैसा लिनेबारे केरकार गर्न सक्छ। सोमबार मात्र केरकारको निम्ति उनलाई नोटिस पठाइएको छ। पूजा अगावै सीबीआईका अधिकारीहरूले प्राथमिकी केरकार समाप्त गर्न चाहन्छ। जुन १३ जनाको नाम नारद काण्डमा छ, त्यसमध्ये तीन जनालाई मुक्त गरी बाकी सबैसित केरकार गरिएको छ। तीन जनामध्ये दुई जनासित यही साता केरकार गरिनेछ। नारद काण्डका आरोपीहरूमा अहिलेसम्म हकीमलाई न त सीबीआईले नोटिस पठाएको छ न त ईडीले नै। आगामी साता उनीसित केरकार गर्न सकिने थाहा लागेको छ।

# दिव्याङ्गजनलाई सम्मानको साथ पहिचान दिलाउनु हाम्रो प्राथमिकता- थावरचन्द

**नयाँ दिल्ली, १२ सेप्टेम्बर (हिस)।** केन्द्रिय सामाजिक न्याय र अधिकारिता मन्त्री थावरचन्द गहलोतले दिव्याङ्गजनलाई सम्मानको साथ पहिचान दिलाउनु हाम्रो सरकारको पहिलो प्राथमिकता रहेको बताएका छन्। 'समावेशी भारत सम्मेलन २०१७' मा उनले भने, हाम्रो सरकारले दिव्याङ्गजनलाई पहिचान दिलाउनुको निम्ति भरसक प्रयास गरिरहेछ। ३ वर्षमा हाम्रो विभिन्न योजनाहरू र पहलको कारण हामी अन्तरराष्ट्रिय स्तरमा एक विशिष्ट पहिचान बनाउनमा सफल भएका छौं। हामी प्रतिदिन केही यस्तो कार्य गरौं, जसबाट हामीले सबै दिव्याङ्गजनलाई राम्रो सुविधा उपलब्ध गराउन सकौं। उनले थप भने, राष्ट्रिय न्यास बौद्धिक विकासात्मक दिव्याङ्ग व्यक्तिहरूको अवसर, अधिकार संरक्षण र पूर्ण प्रतिभागिताको निम्ति प्रतिबद्ध छ। राष्ट्रिय न्यासले १० क्रियात्मक योजनाहरूद्वारा दिव्याङ्गहरूलाई लाभान्वित गर्नुको निम्ति निरन्तर प्रयत्नशील छ। थावरचन्द गहलोतले बताए, मन्त्रालयद्वारा 'समावेशी भारत पहल' दिनांक ०६-०६-२०१७ मा प्रारम्भ गरियो। यसको तीन महत्वपूर्ण तत्व हुनेछन्, अर्थात् 'समावेशी शिक्षा', 'समावेशी रोजगार' र 'समावेशी समुदायिक जीवन'। हामी समावेशी समाजको निर्माण गरौं जसमा दिव्याङ्गहरूको उन्नतिको निम्ति समान अवसर उपलब्ध होस्, जसबाट उनीहरूले प्रतिष्ठित जीवन जीउन सकुन्। सरकारद्वारा २४८ मेगा क्याम्प लगाएर ३७३० मोटोराइज्ड ट्राइसाइकल अहिलेसम्म दिव्याङ्गजनमा वितरण गरिएको छ। उल्लेख्य, सामाजिक न्याय र अधिकारिता मन्त्रालयको राष्ट्रिय न्यासद्वारा प्रमुख साझेदारहरूको सहयोगले एक सम्मेलनको आयोजन गरिन्छ। राष्ट्रिय न्यासको 'समावेशी भारत अभियान' विशेष रूपमा बौद्धिक र विकास सम्बन्धी दिव्याङ्गहरूको निम्ति हो। यसको उद्देश्य यस्ता मानिसहरूलाई मुख्यधारामा सामेल गर्नु र सामाजिक जीवनका सबै महत्वपूर्ण पहलुहरू शिक्षा, रोजगार र समुदायप्रति दृष्टिकोण बदलाव ल्याउनु हो।

# किशोर बानियाँले गरे ५० औं पल्ट रक्तदान

**रम्फू, १२ सेप्टेम्बरः** भनिन्छ, रक्तदान महान दान हो अनि धेरै मानिसहरूले नियमित रूपमा रक्तदान गर्दै आएका छन्। यस्तै नियमित रूपमा रक्तदान गर्दै आउनेहरुमा एक किशोर बानियाँ पनि पर्दछन्। उनले यसै क्रमलाई जारी राख्दै आज आफ्नो जीवनको ५० औं पल्ट रक्तदान दक्षिण सिक्किमको नाम्चीस्थित ब्लड ब्याङ्कमा गरे। समाचार अनुसार उनले प्रत्येक तीन महिनामा नै रक्तदान गर्ने गर्दछन् भने दक्षिण र पश्चिम सिक्किममा आयोजन हुने रक्तदान शिविरहरूमा उनको विशेष सहयोग र सहभागिता रहँदै आएको छ। बानियाँद्वारा विगत ८ वर्षदेखि नियमित रूपमा गर्दै आएको रक्तदान र यस रक्तदान शिविरहरूमा पुऱ्याइरहेको सेवा सबैको निम्ति एउटा प्रेरणाको स्रोत बनेको छ।



# सुरजापुरमा एक दिवसीय रक्तदान शिविर आयोजित



रम्फू, १२ सेप्टेम्बरः पश्चिम बंगाल-सिक्किम प्रान्तीय मारवाड़ी युवा मञ्चअन्तर्गत मारवाड़ी युवा मञ्च दालखोलाले सुरजापुर वेलफेयर सोसाइटीको सहयोगमा सुरजापुरमा एक दिवसीय रक्तदान शिविर आयोजित गऱ्यो। दालखोला थाना प्रभारी दिलीप रोयद्वारा उद्धाटित उक्त शिविरमा दुई महिला र ४५ पुरुष गरी कुल ४७ जना ले रक्तदान गरे।

संग्रह गरिएका उक्त रक्त दक्षिण दिनाजपुर जिल्ला अस्पतालमा जमा गरिएको जानकारी शाखा अध्यक्ष नारायण अग्रवालले दिएका छन्। शाखाका रक्तदान संयोजक अमित जैन र नवनीत अग्रवाल सहित शिविर संयोजक रोहित अग्रवालले शिविरलाई सफल पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए भने सबै रक्तदाताहरूलाई उपहार स्वरुप छाता र प्रमाण-पत्र प्रदान गरिएको जानकारी प्राप्त भएको छ। शिविरमा शाखाका अन्य सदस्यहरूको पनि सहयोग र सहभागिता रहेको थियो।

# आयकर विभागले सुप्रीम कोर्टलाई सुम्प्यो मालदार विधायक-सांसदहरूको नाम

नयाँ दिल्ली, १२ सेप्टेम्बर (हिस)। आयकर विभागले सुप्रीम कोर्टमा सीलबन्द लिफाफामा ती सांसदहरू र विधायकहरूको नाम सुम्प्यो जसको सम्पत्तिमा चुनाउ जीतेपछि धेरै नै बढ़ोतरी भएको छ। जस्टिस चेलमेश्वरको अध्यक्षता रहेको बेञ्च समक्ष आयकर विभागले यो रिपोर्ट सुम्पेको हो। गत ०६ सेप्टेम्बरमा सुप्रीम कोर्टले निर्वाचन आयोग र केन्द्रलाई आयकर विभागको पूरा रिपोर्ट पेश गर्ने निर्देश दिएको थियो। हिजो मात्र केन्द्रिय प्रत्यक्ष कर बोर्ड (सीबीडीटी)ले सांसदहरू र विधायकहरूको आयभन्दा अधिक सम्पत्तिलाई लिएर सुप्रीम कोर्टमा हलफनामा दर्ता गरेको थियो। सीबीडीटी मुताबिक, चुनावी हलफनामा मुताबिक, २६ लोकसभा सांसद, ११ राज्यसभा सांसद र २५७ विधायकको सम्पत्तिमा धेरै वृद्धि भएको छ। हलफनामा अनुसार, आयकर विभागले आयकर विभागले जाँच गऱ्यो औं प्रथम दृष्टया २६ लोकसभा सांसदमध्ये ७ को सम्पत्तिमा धेरै अधिक बढ़ोतरी भएको पाइयो। अब आयकर विभागले यी ७ लोकसभा सांसदको सम्पत्तिको जाँच गर्नेछ। २५७ विधायकमध्ये ९८ विधायकको सम्पत्तिमा धेरै अधिक बढ़ोतरी भएको छ। उनीहरूको सम्पत्तिको जाँच गरिन्दैछ। सीबीडीटीको हलफनामामा भनिएको छ, यिनीहरू बाहेक अझ् ४२ विधायकको सम्पत्तिको आकंलन गरिन्दैछ। सीबीडीटीले भन्यो, समय-समयमा उसले निर्वाचन आयोगलाई यी सूचनाहरूसित अवगत गराएको छ।

## स्कूलमा नानीहरूको सुरक्षा सम्बन्धी याचिकामा १५ सेप्टेम्बरमा सुनवाई

**नयाँ दिल्ली, १२ सेप्टेम्बर (हिस)।** सुप्रीम कोर्ट स्कूलहरूमा नानीहरूको सुरक्षा मामिलामा दर्ता याचिकामा सुनवाईको निम्ति राजी भएको छ। सुप्रीम कोर्टले यस याचिकामा १५ सेप्टेम्बरको दिन सुनवाई गर्नेछ। याचिकामा नानीहरूको सुरक्षा सुनिश्चित गर्नु औं यसो नगर्ने स्कूलहरूको मान्यता रद्द गर्ने माग गरिएको छ। यो याचिका रेयान स्कूलको सात वर्षीय छात्र प्रद्युम्न मृत्युको सीबीआई जाँचको माग गर्ने याचिकादेखि अलगै दर्ता गरिएको छ।

## मोदीले परिवारवादको नाम नलिउन् : राहुल गान्धी

**नयाँ दिल्ली, १२ सेप्टेम्बर (हिस)।** कांग्रेस उपाध्यक्ष राहुल गांधीले स्वयंमाथि लागिरहेको परिवारवादको आरोपमा अमेरिकाको केलिफोर्निया विश्वविद्यालयमा पुगी जवाफ दिँदै भने, भारतमा परिवारवादलाई अदेखा गर्न सकिन्दैन। यसैले यस्ता आरोप नगाएकै बेस। लगभग दुई साताको आफ्नो अमेरिका यात्रामा राहुल गांधीले बर्कलेमा आफ्नो व्याख्यानमा अन्तरराष्ट्रिय एवं तकनीकी मामिलामा वैश्विक चिन्तकहरू, राजनीतिक नेताहरू र त्यहाँ रहेका प्रवासी भारतीयहरूको साथ वार्ता गर्दै भने, परिवारवादमा हाम्रो पार्टीलाई तारो नबनाइयोस्, हाम्रो देशले यस्तै प्रकारले काम गर्छ। अखिलेश यादव, एमके स्टालिन, अभिषेक बच्चन धेरै उदाहरण छन्। यसमा म केही पनि गर्न सक्दिन। के उक्त व्यक्तिमा क्षमता छ वा छैन त्यो महत्वपूर्ण हो। भाजपाको एजेण्डा मलाई मूर्ख प्रमाणित गर्नु हो। राहुल गांधीले आरोप लगाउँदै भने, भाजपाईहरूले केवल कम्प्यूटरमा बसेर म विरूद्ध कुरा गर्छन्। उनीहरू भन्छन्, म मूर्ख छु। उनीहरूको एजेण्डा यस्तै छ। अहिले भारतमा कानून नाम मात्रको छ तर यदि कांग्रेस सत्तामा आए मानिसहरूसित कुरा गरेर कानून बनाउनेछ। अहिले देशको संसद होइन केवल पीएमओ दहिलो छ। जसले मेरो बज्यूलाई गोली हिर्काए, म उनीहरूको साथ ब्याडमिन्टन खेल्थे। हिंसाबाट के-कस्तो नोकसान हुन्छ भन्ने मलाई राम्ररी थाहा छ। कुनै पनि व्यक्ति विरूद्ध हिंसा हुनु गलत हो। जब तपाईले आफ्ना परिजनलाई गुमाउनुहन्छ, तब धेरै गहिरो चोट लाग्छ। राहुलले भने, कांग्रेस पार्टी भारतमा १० वर्षसम्म सत्तामा थियो। भारतमा कोही लामो समयसम्म सत्तामा रहन सक्दैन। कांग्रेस भाजपा र आरएसएस जस्तो होइन।

मेरो काम मानिसहरूलाई सुन्नु औं त्यसपछि फसेला लिनु हो। भाजपाले मानिसहरूसित कुरा गर्नु बन्द गरेको छ। नरेगा, जीएसटी हाम्रो प्रोग्राम हो र अब भाजपाले त्यसलाई पनि आफ्नै काम भनिरहेछ। उनले प्रधानमन्त्री मोदीमाथि सूचना अधिकार समाप्त गरेको आरोप लगाउँदै भने, अहिले केवल चीनले नै जागीर विकसित गर्न सकिरहेछ। उससित ठूला फ्याक्ट्रीहरू छन्। अन्य देशहरूले जोब क्रिएट गर्न सकिरहेका छैनन्। हाम्रो पार्टीले मानिसहरूलाई राईट टू इन्फोर्मेशनको अधिकार दिएको थियो, तर मोदीले यसलाई दबाए। हाम्रो समयमा मानिसहरूलाई सरकारबारे थाहा हुन्थ्यो तब अब पत्तो लागिरहेछैन।


## अन्त्येष्टि क्रिया



टीएस कटुवालको गत ३१ अगस्त २०१७ को दिन निधन भयो। उहाँको शवयात्रामा सामेल भइदिनुहुने र यस शोकको घड़ीमा हामीलाई साथ र सहयोग दिएर समवेदना प्रकट गरिदिनुहुने आफन्तजन, इष्टमित्र र शुभचिन्तकहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी १२ सेप्टेम्बर २०१७ को दिन निज निवास डाँडागाउँ, तादोङ, गान्तोक (भाष्कर अनि प्रभाकर बस्नेतको घर पछाड़ि) सम्पन्न हुने उहाँको अन्त्येष्टि क्रियामा सबैलाई उपस्थित भइदिने निवेदन गर्दछौं।

**विनीत**
**पुष्प बस्नेत (पत्नी)**
**प्रणय सिंह कटुवाल (छोरा)**
**प्रिती कटुवाल (छेत्री)-विनोत छेत्री (छोरी-ज्वाईं)**
**सम्पर्क :९८००७००७७३**

## अन्त्येष्टि क्रिया



हाम्रो पूजनीय माता स्व. विष्णुमाया ढुङ्गेलको ७९ वर्षको उमेरमा गत ३ सेप्टेम्बर २०१७ को दिन निधन भयो। यस दुःखद घड़ीमा उपस्थित भई हामीलाई शान्त्वना दिनुहुने साथै शव यात्रामा सामेल हुनुहुने सम्पूर्ण इष्टमित्र, बन्धू बान्धव, शुभचिन्तकहरूप्रति आभार प्रकट गर्दै आगामी १५ सेप्टेम्बर २०१७ शुक्रवारको दिन निज निवास हर्राबोटे, लोवर नन्दुगाउँ पोकलोक ब्लक दक्षिण सिक्किममा सम्पन्न हुने उहाँको अन्त्येष्टि क्रियामा सबैलाई उपस्थित भई दिंवगत आत्माको चिरशान्तिको निम्ति प्रार्थना गरिदिनु हुन निवेदन गर्दछौं।

**विनीत**
**छोराहरू: चन्द्र प्रकाश ढुङ्गेल, केवल प्रसाद ढुङ्गेल, पदम प्रसाद ढुङ्गेल, नेत्र प्रसाद ढुङ्गेल, धिरेन्द्र ढुङ्गेल**
**छोरी ज्वाईंहरू: निर्मला-बालकृष्ण, कृष्ण-प्रदीप**
**एवं सम्पूर्ण ढुङ्गेल परिवार**
**सम्पर्क: 9775827057, 7972977961, 7063679611, 8016748674**

## GHEWA/ ANTHYESTHI KRIYA



With profound grief and sorrow,we regret to inform the sad demise of our beloved mother Late Mrs Manu Gurung of Pani house who left for her heavenly abode on 3rd September 2107.Her last rites will take place on 16th September 2017, (Saturday) at Gurung Gumpa, Lower Burtuk, Before Helipad

We would also like to thank everyone who stood by us during the time of bereavement.

**Mr D.K Gurung(husband)-9434213827**
**Mrs Binita Gurung (eldest daughter)-8918390407**
**Mrs Anita Gurung (daughter)-9474525114**
**Mrs Asha Gurung(daughter)-8250292278/**
**Mr Gajendra Singh Gurung(son in law)-9733351438**
**Mr D. Dadul(son in law)-9434117472.**
**Mrs Jyotshna Gurung (granddaughter)**
**Mrs Prerna Gurung (granddaughter )**
**Mr Jigmi Norbu kazi(grand son in law)**
**Mr Phuntsok T Dukpa(grand son in law)**
**Mr Wangyal Tamang (grandson)**
**Ms Tenzing Norzing (granddaughter)**
**MrTenzing Namgyal(grandson)**